"समृद्ध छथर निर्माणको आधारःशिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू.नं.:-२०८१/०८२-२०

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना।

(प्रकाशित मितिः २०८१/०६/२१ गते।)

यस छथरगाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा वडा कार्यालयमा रिक्त रहेका निम्न पदका लागि तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा **करार सेवामा** पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र (२०८१/०७/०५) माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | श्रेणी/तह | माग संख्या | आवेदनदस्तुर | परिक्षाको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०१-०८१/०८२ | स्टाफ नर्स | सहायकस्तरपाँचौं | १ | ६००।- | लिखित रअन्तरवार्ता। | |
| २. | ०२-०८१/०८२ | एम्बुलेन्स चालक | श्रेणी बिहिन | १ | ४००।- | अन्तरवार्ता। | |
| ३. | ०३-०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी बिहिन | २ | ४००।- | अन्तरवार्ता। | |

**आवश्यक न्युनतम योग्यताः**

२. **स्टाफ नर्सका लागि आवश्यक न्युनतम योग्यताः**

क)नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण भएको हुनुपर्ने छ।

ख) नेपाल नर्सिङ काउन्सिलमा दर्ता / नविकरण भएको हुनुपर्ने छ।

ग) उम्मेदवारको उमेर हद मिति २०८१/०७/०५ गते सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।

३. **एम्बुलेन्स चालकका लागि आवश्यक न्युनतम योग्यताः**

क) साधारण लेखपढ गर्न सक्ने र हलुका सवारी चालकको अनुमति पत्र(लाईसेन्स) दर्ता/नविकरण गरेकोहुनुपर्ने छ।

ख) कार्य अनुभव कम्तिमा ५ (पाँच) वर्षको हुनुपर्ने छ।

ग) उम्मेदवारको उमेर हदमिति २०८१/०७/०५ गते सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने छ।

४. **कार्यालय सहयोगीका लागि आवश्यक न्युनतम योग्यताः**

क) साधारण लेखपढ गर्न सक्ने।

ख) उम्मेदवारको उमेर हद मिति २०८१/०७/०५ गते सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ।

५. **दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरुः**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी। ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी। ग) ३ तिन प्रति पासपोर्ट साईजको फोटो। घ) कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

६. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः**छथर गाउँपालिका कार्यालयको वेभसाइट **www.chhatharmun.gov.np**बाट डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिने छ। साथै यस कार्यालयबाट समेत दरखास्त फारम प्राप्त गर्न सकिनेछ।

८. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः**छथर गाउँपालिकाको राजस्व फाँटमावा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

९. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः**सूचना प्रकाशन गरिने छ।

१०. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकारयसगाउँपालिकालाई हुनेछ।

११. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा छथरगाउँपालिका, प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

गुणराज बानियाँ

प्रमुख प्रशासकीय अधिकृत

गुणराज वानिया

*नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्ने छ।*

प्रमुख प्रशासकीय अधिकृत